# कोशी प्रदेश सरकारको

# १०० दिन



मा. हिक्मतकुमार कार्की
मुख्यमन्त्री

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर, नेपाल

# पृष्ठभुमि

## माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले सय दिनमा सम्पादन गरेका महत्वपूर्ण कार्यहरू र हासिल भएका प्रमुख उपलब्धिहरूको सारसंक्षेप

**(२०८१ श्रावण ३२, विराटनगर)**

वि.सं. २०८१ बैशाख २७ गते विभिन्न राजनीतिक दलको सहभागितामा माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा कोशी प्रदेश सरकार गठन भई श्रावण ३२ गते सरकारले कार्य प्रारम्भ गरेको सय दिनको अवधि पुरा भएको छ। माननीय मुख्यमन्त्रीले सुशासन, सामाजिक न्याय र समुन्नतिलाई सरकारको मुख्य प्राथमिकतामा राख्नु भएको सन्दर्भमा प्रदेशको विकास र समृद्धि, अर्थतन्त्रको सबलीकरण, सेवा प्रवाहको नतिजामुखी कार्यसम्पादन र जवाफदेहिता, सामाजिक सुरक्षा र रोजगारी प्रवर्द्धन, सुशासनको प्रत्याभूति तथा समग्र प्रदेशको हितलाई संस्थागत गर्ने हेतुले प्रदेश सरकारले आफ्ना कामकाजहरु अगाडी बढाइरहेको छ।

वि.सं. २०७९ मंसिरमा सम्पन्न आम निर्वाचनपश्चात प्रदेशमा निरन्तर सरकार बन्ने र ढल्ने क्रमहरु चलिरहे। यसबाट प्रदेश सरकार अस्थिर बन्न पुग्यो। फलस्वरूप प्रदेश सरकारबाट सम्पादन भएका कामहरु जनता समक्ष प्रशारित हुने र प्रदेशप्रति माया, सद्भाव र सकारात्मक धारणा विकास हुने कार्यमा अवरोधहरु सिर्जना भए। यी आरोह अवरोहहरुलाई चिर्दै अहिलेको सरकार स्थिरता दिने र आम नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्ने अवस्थामा पुगेको छ। प्रदेशलाई आम नागरिकहरुले देख्न, छुन र अनुभुति गर्न सक्ने संरचनाका रुपमा विकास गर्नुपर्ने दायित्व यो सरकारको काँधमा छ। यस अवधिमा प्रदेश सरकारले जनतामा आशाको दियो जगाउने प्रयत्न गरेको छ। गुणस्तरीय सेवा प्रवाह, जन आकांक्षाहरुको सम्बोधन, पूर्वाधार विकासमा तीव्रता, सामाजिक रुपान्तरणका लागि दीर्घकालीन नीति निर्माण र कार्यान्वयन, पर्यटन प्रवर्द्धन र पर्यावरण संरक्षण गर्दै सामाजिक, आर्थिक र साँस्कृतिक समृद्धिका साथ प्रदेशको दिगो विकास गर्ने अभियानमा प्रदेश सरकार अग्रसर रहेको छ।

माननीय मुख्यमन्त्रीले बैशाख ३१ गते कोशी प्रदेश सभामा विश्वासको मत लिने सन्दर्भमा गर्नुभएको सम्बोधन, सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता तथा माननीय मुख्यमन्त्रीले प्रदेश सरकारका सचिवहरूलाई दिनुभएको निर्देशन बमोजिम एकीकृत कार्ययोजना बनाएर वर्तमान सरकारले कार्य गरिरहेको छ। कोशी प्रदेश सरकारले निर्धारण गरेका प्राथमिकता र लक्ष्य अनुरुप सय दिनको अवधिमा सम्पादन भएका प्रमुख कार्यहरु र हासिल गरेका मुख्य उपलब्धिहरू संक्षेपमा देहायबमोजिम उल्लेख गरिएको छ।

१. "प्रदेश गुनासो व्यवस्थापन निर्देशिका, २०८१" स्वीकृत गरी गुनासो व्यवस्थापन पोर्टल पूर्ण रूपमा सञ्चालनमा ल्याइएको,
२. कोशी प्रदेश प्रशासनका सवालहरू उजागर गर्न, प्रदेशका नीति, रणनीति एवम् कार्यक्रमहरूका बारेमा सरल ढङ्गले प्रशार गर्न कोशी दर्पण पत्रिका प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको,
३. संघीयता कार्यान्वयन तथा प्रदेश कानून निर्माण सम्बन्धि अध्ययन कार्यदल, २०८१ गठन गरिएको,
४. प्रदेशका कार्यालयहरू र कर्मचारीको अद्यावधिक विवरण सुरक्षित र व्यवस्थित राख्ने हेतुले प्रदेश निजामती किताबखानाको पोर्टल सञ्चालन हुने व्यवस्था गरिएको,
५. नतिजामुखी कार्यसम्पादन र जवाफदेहीता अभिवृद्धि गर्न कार्यसम्पादन सम्झौता आर्थिक वर्षको प्रारम्भमा नै गर्ने व्यवस्था गरिएको,
६. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिएको,



**माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्कीसँग**
**कार्य सम्पादन सम्झौता गर्नुहुँदै प्रमुख सचिव केदारनाथ शर्मा।**

७. "प्रदेश सरकारको दोश्रो आवधिक योजना (आ.व. २०८१/०८२ - २०८६/०८७)" स्वीकृत गरिएको,
८. प्रदेश सरकारका कामहरूलाई गतिशील र व्यवस्थित गर्न प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, प्रदेश लगानी प्राधिकरण र प्रदेश विकास परिषद्लाई पूर्णता प्रदान गरिएको,
९. प्रदेशमा देखा पर्ने विभिन्न खालका राजनीतिक र अन्य समस्या समाधान गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय राम बहादुर मगरको संयोजकत्वमा चार सदस्यीय राजनीतिक तथा शान्ति वार्ता समिति गठन गरिएको,
१०. प्रदेश आयोजना बैङ्क सञ्चालनमा ल्याई पचास लाखभन्दा माथिका आयोजनाहरूको खरिद प्रकृया सुरू गर्नुभन्दा अगाडी अनिवार्य रुपमा आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने व्यवस्था गरिएको,
११. वित्तीय अनुशासन अभिवृद्धि गर्न अनिवार्य दायित्व व्यवस्थापन, बहुवर्षिय आयोजना/कार्यक्रमको दायित्व व्यवस्थापन, विपद् र महामारीको अवस्थामा बाहेक, जेठ २० पश्चात रकमान्तर/श्रोतान्तर नगर्ने नीतिगत व्यवस्था गरिएको,



प्रदेश योजना आयोगका अध्यक्षज्यूको सपथग्रहण कार्यक्रम



प्रदेश लोक सेवा आयोगका अध्यक्षज्यूको सपथग्रहण कार्यक्रम


# नीति, कानून तथा शासकीय सुधार

१२. “मनुसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१” विपद व्यवस्थापन परिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको,

१३. प्रदेश सरकारबाट सम्पादन हुने कार्यलाई डिजिटाइजेसन गर्ने उद्देश्यले एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सञ्चालनमा ल्याइएको,

१४. “प्रदेश निजामती सेवा ऐन, २०७९ मा दोस्रो संशोधन विधेयक, २०८१”लाई प्रदेश सभामा पेश गरिएको तथा “प्रदेश निजामती सेवा नियमावली, २०८१” स्वीकृत गरिएको,

१५. कोशी प्रदेशमा लगानीमैत्री वातावरण निर्माण गरी कृषि, उद्योग, पर्यटन, ऊर्जा लगायतका क्षेत्रहरूमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न “लगानी सम्मेलन (Koshi Investment Summit-2024)” आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक पर्ने बजेट विनियोजन गरिएको,



१६. "केचना-कन्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१" स्वीकृत गरिएको,

१७. जंगल सफारी र रेडपाण्डाको प्रजनन केन्द्र स्थापनाको संभाव्यता अध्ययन सम्पन्न गरिएको,

१८. नेपालका पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि परियोजना (FLBEH) तथा पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP) सुरुवात गरिएको,

१९. प्रदेशमा चलचित्र निर्माणको सम्भाव्यता तथा छायाँङ्कन स्थलको पहिचान गर्न चलचित्र महोत्सव सम्पन्न गरिएको,

२०. पर्यटक सहयोगी प्रहरी मार्फत प्रदेशका मुख्य धार्मिक पर्यटकीय गन्तव्यहरूमा सूचना संकलन र शान्ति सुरक्षाको व्यवस्था गर्न आवश्यक जनशक्ति लगायत अन्य व्यवस्थापकीय कार्य अगाडी बढाइएको,



कन्चनजंघा हिमाल



झापाको केचना

२१. पर्यटन प्रवर्द्धनमा सगरमाथा तथा हिमाली क्षेत्रको संरक्षण, जलवायू परिवर्तन प्रभाव अध्ययन गर्ने उद्देश्यका साथ सगरमाथा दिवश मनाई सगरमाथा आरोहीका सहयोगीहरूलाई सम्मान गरिएको,

२२. "पासाङ्ग ल्हामू पर्वतारोहण अध्ययन प्रतिष्ठान" गठन गर्नका लागि नीतिगत व्यवस्था गरिएको,

२३. विक्रम सम्वत् २०८२ लाई "कोशी पर्यटन वर्ष" को रुपमा मनाउने नीतिगत व्यवस्था गरी बजेट विनियोजन गरिएको,

२४. पुरानो घरको पुरानो काठ ओसारपसारमा सहजताका लागि निर्णय गरिएको,

२५. प्रदेश लगानी प्राधिकरणको अग्रसरतामा सार्वजनिक नीजि साझेदारी अन्तर्गत भेडेटार स्काई वाक पर्यटन पूर्वाधारको निर्माण सम्पन्न भई सञ्चालनमा आएको,



सगरमाथा दिवस कार्यक्रम




भेडेटार स्काई वाक

२६. धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका निम्ति पाथिभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१, हलेशी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ स्वीकृत गरिएको,

२७. "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१" स्वीकृत गरिएको,

२८. सूचना प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने उद्देश्य अनुरूप कर्जा सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धनका लागि प्रदेश सरकार र निक्षेप तथा कर्जा सुरक्षण कोष, काठमाडौँबीच समझदारीपत्रको आदानप्रदान गरिएको,



पाथीभरा माता



पवित्र बराहक्षेत्र



हलेशी महादेव

२९. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई मुलुककै विशिष्टकृत नमूना अस्पतालको रुपमा व्यवस्थापकीय सुदृढीकरण गरी कोशी आयुर्वेद प्रतिष्ठानको रुपमा विकास गर्न “आयुर्वेद चिकित्सा सेवा, जडीबुटी शिक्षा तथा अध्ययन तथा अनुसन्धान सम्भाव्यता अध्ययन कार्ययोजना तर्जुमा कार्यदल, २०८१” गठन गरी कार्य प्रारम्भ गरिएको,
३०. २०८१ साल असार ३० गते कोशी प्रदेशलाई “पूर्ण खोप सुनिश्चितताको घोषणा” गरिएको,
३१. प्रदेशका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई १ लाख रूपैँया बराबरको बीमा कार्यक्रम सुरू गरिएको,
३२. स्वास्थ्य क्षेत्रमा देखिएको जनशक्ति अभावलाई मध्यनजर गर्दै प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका २५ जना स्वास्थ्यकर्मीलाई पदस्थापन गरिएको,
३३. स्थानीयस्तरमा रहेका सर्वसाधारणलाई किफायतपूर्ण एम्बुलेन्स सेवा तत्काल पुर्‍याउन Ambulance GPS Tracking System लाई अपनाई चौबिसै घण्टा स्वास्थ्य मन्त्रालयमा प्रादेशिक प्रेषण केन्द्र सञ्चालन गरिएको।




**पूर्ण खोप सुनिश्चितताको घोषणा**




**Ambulance GPS Tracking System**

३४. प्रदेशबासीलाई विपद्सम्बन्धी पूर्व सूचना दिई विपद् जोखिम न्यूनीकरण गर्न सहयोग पुर्‍याउने हेतुले विपद् पोर्टल सञ्चालनमा ल्याई २०८१ असार १७ गतेदेखि "दैनिक विपद् बुलेटिन" प्रकाशनमा ल्याइएको,

३५. प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यलाई थप सुदृढ गर्न एकीकृत विपद्व्य वस्थापन गर्ने उद्देश्य अनुरूप सहलगानीमा रङ्गेली नगरपालिका, अर्जुनधारा नगरपालिका र कोशी गाउँपालिका केन्द्र रहेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरी भवन निर्माण कार्य अगाडी बढाइएको,

३६. "सुरक्षित सीमा सुरक्षित जीवन" कार्यक्रम कोशी प्रदेशका सीमा नाकाहरूमा सञ्चालन गरिएको साथै मोरङ जिल्लाको सुनवर्षी न.पा - १ केचना शुक्रबारेमा अस्थायी प्रहरी चौकी स्थापना गरिएको,

३७. बाढी, पहिरो तथा वन्यजन्तुजन्य विपद्बाट प्रभावित मानिस र परिवारलाई अस्थायी बसोबास, आर्थिक र अन्य अत्यावश्यक राहत सामग्री प्रदान गरिएको,



**राहत वितरण कार्यक्रम**

३८. आपतकालिन बाढी पहिरो व्यवस्थापनका लागि तारजाली, नाइलन जाली आदिको व्यवस्थापन गरी पूर्व तयारी गर्नुका साथै प्रभावित क्षेत्रमा विपद् नियन्त्रणका प्रयासहरू गरिएको,

३९. झापा जिल्लाको चारआली, सुनसरी जिल्लाको भाण्टाबारी, इलाम जिल्लाको पशुपतिनगर र मोरङ जिल्लाको विराटनगर रानीमा सवारी पटके राजश्व संकलन केन्द्र स्थापना गरिएको,

४०. प्रदेश सरकारको समन्वयमा सङ्खुवासभाको किमाथाङ्का नाका संघीय सरकारबाट पुनः सञ्चालन गरिएको,

४१. विपद्बाट भएको क्षतिको खोज उद्दार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६ मा दोस्रो संशोधन गरिएको,

४२. सडक सुरक्षा र ट्राफिक व्यवस्थापन कार्यलाई थप सुदृढ गर्न विराटनगर तथा उदयपुरको गाईघाटमा ट्राफिक लाइट जडान गरी सञ्चालनमा ल्याइएको तथा ट्राफिक प्रहरीका लागि आवश्यक सामाग्रीहरू हस्तान्तरण गरिएको,



**विराटनगर बरगाछीको ट्राफिक लाइट**

४३. पशुपन्छी विकास तथा पशु स्वास्थ्यसम्बन्धी विज्ञ सेवालाई ४ जिल्लाहरू क्रमश: ताप्लेजुङ, इलाम, तेह्रथुम, भोजपुरमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रस्थापना गरी सेवा विस्तार गरिएको,

४४. कोशी प्रदेशमा उत्पादित चियाको स्वदेश तथा विदेशमा बजार प्रवर्द्धन गर्न "अन्तराष्ट्रिय चिया सम्मेलन"को आयोजना गर्ने नीतिगत व्यवस्था गरी आवश्यक बजेट विनियोजन गरिएको,

४५. प्रदेश सरकार, नीजि क्षेत्र र स्थानीय तहको सहकार्यमा स्थानीय स्तरमा उद्यमशीलता विकास र सीप विकासमार्फत स्वरोजगारी सिर्जना गर्नका लागि नमुना स्वरुप प्रदेशका ५ वटा स्थानीय तहमा "वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्ने व्यवस्था मिलाइएको,

४६. पशुपन्छीहरुमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि रणनीतिक कार्ययोजना तयार गरी अन्तरसरकार समन्वयमा कोशी प्रदेशलाई ३ वर्षभित्र खोरेत रोग मुक्त क्षेत्र बनाउन खोरेत रोग नियन्त्रण आयोजनालाई प्रदेशको प्रमुख कार्यक्रमका (Flagship Program) रुपमा कार्यान्वयन गर्नका लागि सुरुवातका कामहरू अगाडी बढाइएको,




**वृद्धिमुखी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम**

४७. कोशी प्रदेशलाई धानको बीउको श्रोत केन्द्रको रुपमा स्थापित गर्न धानको बीउको उत्पादन योजना तयार गरी कार्यान्वयनमा ल्याइएको,

४८. अनुदान वितरणलाई नतिजामुखी र व्यवस्थित गर्न कृषि क्षेत्रमा वितरण गरिने अनुदान कार्यक्रमलाई ब्याजमा अनुदान दिने व्यवस्था मिलाउन नीतिगत तथा कानूनी प्रवन्ध र बजेट व्यवस्थापन गरिएको,

४९. प्रदेशमा उत्पादन भएका दुग्धजन्य पदार्थ निर्यात गर्न प्रोत्साहन गर्ने नीति अनुरुप प्रथम पटक कोशी प्रदेशबाट १२०० के.जी. घ्यू जापान निर्यात गरी निर्यातकर्तालाई प्रोत्साहन रकम उपलब्ध गराइएको,

५०. कोशी प्रदेशमा रहेका सार्वजनिक तथा पर्ती जग्गाको संरक्षण तथा रेखदेख गर्न सार्वजनिक तथा पर्ती जग्गाको अभिलेख संकलन गरिने कार्य सम्पन्न गरिएको,

५१. उत्पादनमुलक, सुचना प्रविधिमा आधारित, कृषिमा आधारित लगायत विभिन्न क्षेत्रका उद्योगको प्रतिनिधित्व गर्ने उद्यम र उद्यमशीलताको क्षेत्रमा निरन्तर कार्यरत प्रदेशका प्रत्येक जिल्लाबाट एक/एक जनाको दरले जम्मा १४ जना उत्कृष्ट महिला उद्यमीहरूलाई सम्मान गरी पुरस्कृत गरिएको,



धान दिवस कार्यक्रम



उत्कृष्ट महिला उद्यमी सम्मान कार्यक्रम

५२. निर्माण सम्पन्न भएका सडकहरूमध्ये शिवचोकदेखि भारतीय सीमा वीरपुरसम्मको सडक (कोशी गाउँपालिका, सुनसरी), बुढीगंगा गाउँपालिका वडा नं -१ हुँदै पुष्पलाल चौक हात्तिमुडा हरैँचा सडक (मोरङ) र सिधुवा- शुक्रबारे- ओख्रे- म्याङलुङ्ग सडक (तेह्रथुम) तथा धरान- १३ देवीमार्गबाट धरान- २० चिण्डेडाँडा जाने बाटोमा पर्ने सर्दु खोला पुल उद्घाटन भएको,

५३. ५ वटा बहुवर्षिय सडक, ८ वटा बहुवर्षिय सडक पुल, १२ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको,



**सिधुवा – शुक्रबारे–ओख्रे म्याङलुङ सडक**



**सर्दु खोला पुल उद्घाटन**

५४. ४१.९ कि.मि. कालोपत्रे सडक, ८३.१४ कि.मि. ग्रावेल सडक, ४७ कि.मि. कच्ची सडक निर्माण कार्य सम्पन्न भएको,

५५. १८.९ कि.मि. ट्र्याक ओपन र २ वटा बेलि वृज खरिद कार्य सम्पन्न भएको,

५६. ९२ वटा सामुदायिक भवन, २२ वटा सरकारी भवन, २४ वटा खेलकुद पूर्वाधार, १० वटा एकीकृत बस्ती भित्रको पूर्वाधार विकास र जनता आवास कार्यक्रममार्फत ६०८ वटा घर निर्माण सम्पन्न गरिएको,

५७. नेपाल विद्युत प्राधिकरणको रङ्गेली वितरण केन्द्रसँग समन्वय गरी धनपालथान गा.पा. का क्षेत्रमा कृषि विद्युतीकरण कार्य सम्पन्न गरिएको र गाईघाट वितरण केन्द्रसँग समन्वय गरी लिङचुम्बुङ गा.पा. मा ग्रामीण विद्युतीकरण कार्य सम्पन्न गरिएको,

५८. खानेपानी र सिंचाई व्यवस्थापनलाई प्राथमिकतामा राखी नियमित मर्मत सम्भार गर्नुका साथै खानेपानीका ४६ र सिंचाई तर्फका ३० वटा आयोजना सम्पन्न गरिएको,



**खानेपानी आयोजना**



**नदी नियन्त्रण**

५९. प्रदेश सभाका विषयगत समितिहरूको छुट्टाछुट्टै वेवसाइट निर्माण गरी त्यसलाई मूल वेवसाइटसँग आवद्ध गरिएको,

६०. प्रदेश सभामा दर्ता हुन आएका विधेयकहरूलाई वेवसाइटमार्फत सार्वजनिक गर्ने कार्यको सुरुवात गरिएको।



**कोशी प्रदेश सभा**